# शरणार्थी, आश्रयार्थी, आश्रय आवेदनकर्ता र ट्राभल ब्यान लागू देशका नागरिकहरूको आप्रवासन लाभ आवेदनको रोक र समीक्षा

*यो मार्गदर्शन जनवरी ५, २०२६ देखि लागू हुनेछ र आवश्यकताअनुसार परिवर्तन हुन सक्नेछ।*

## के भइरहेको छ?

- जुन २०२५ मा राष्ट्रपति ट्रम्पले **१९ देशका नागरिकहरूलाई अमेरिकामा प्रवेशका लागि भिसा प्राप्त गर्न प्रतिबन्ध लगाउन आदेश दिए**, दाबी गर्दै कि उनीहरूले **संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षा** को लागि जोखिम उत्पन्न गर्न सक्छन्।
  डिसेम्बर २०२५ मा उनले **ट्राभल ब्यान लागू हुने देशहरूको सूची ४० देशसम्म विस्तार** गरे।

- नोभेम्बर २०२५ मा, **USCIS** ले आदेश दियो **(**[https://immpolicytracking.org/policies/uscis-orders-review-of-all-refugees-admitted-under-biden-administration/#/tab-policy-documents](https://immpolicytracking.org/policies/uscis-orders-review-of-all-refugees-admitted-under-biden-administration/#/tab-policy-documents)**)** कि जनवरी २०, २०२१ देखि फेब्रुअरी २०, २०२५ सम्म प्रवेश गरिएका सबै शरणार्थीहरूको स्थायी बासिन्दा (Green Card) आवेदनको निर्णय प्रक्रियामा रोक लगाइयो। साथै, सो समय अवधिमा प्रवेश गरिएका सबै शरणार्थीहरूको पुनरावलोकन र सम्भावित पुनः अन्तर्वार्ता (re-interview) गरिनुपर्ने आदेश पनि जारी गरियो।
- डिसेम्बर २, २०२५ मा, USCIS ले घोषणा गर्यो (**https://www.uscis.gov/sites/default/files/document/policy-alerts/PM-602-0192-PendingApplicationsHighRiskCountries-20251202.pdf**)
  - ➔ सबै देशका नागरिकहरूको आश्रय (Asylum) आवेदनमा रोक
  - ➔ मूल १९ ट्राभल ब्यान लागू देशका नागरिकहरूको सबै आप्रवासन लाभ आवेदनमा रोक, जसमा नागरिकता (Naturalization), स्थायी बासिन्दा परिवर्तन (Adjustment of Status/Green Card), काम अनुमति (Work Permit), यात्रा कागजात (Travel Documents), परिवार सम्बन्धी आवेदन (Forms I-130 र I-730) तथा अन्य लाभहरू समावेश छन्, केही अपवाद बाहेक; र
  - ➔ ट्राभल ब्यान लागू देशका नागरिकहरूका लागि पहिले स्वीकृत भएका लाभ आवेदनहरूको पुनः समीक्षा।
- **जनवरी १, २०२६ मा, USCIS ले आवेदन रोक** ([https://www.uscis.gov/sites/default/files/document/policy-alerts/PM-602-0194-PendingApplicationsAdditionalHighRiskCountries-20260101.pdf](https://www.uscis.gov/sites/default/files/document/policy-alerts/PM-602-0194-PendingApplicationsAdditionalHighRiskCountries-20260101.pdf)) र अतिरिक्त ट्राभल ब्यान लागू देशका नागरिकहरूलाई दिइएका लाभहरूको पुनः समीक्षा विस्तार गर्यो।

## यसको अर्थ के हो?

- यी नीतिहरूको कारण, प्रभावित व्यक्तिहरूले आफ्नो आप्रवासन लाभ आवेदनको निर्णय प्रक्रियामा **असीमित ढिलाइ (indefinite delays)** को अपेक्षा गर्नु पर्छ।
- यदि USCIS ले **आवेदकको राष्ट्रियता सुरक्षा जोखिम उत्पन्न गर्न सक्छ** भनी विश्वास गर्छ भने, केही आवेदन **अस्वीकृत (denied)** हुन सक्छन्।
- जसको पहिले स्वीकृत लाभहरू समीक्षा अन्तर्गत छन्, उनीहरूलाई ती आवेदनहरूसँग सम्बन्धित **अन्तर्वार्ता (interview)** लिन र/वा आफ्नो योग्यताको **अतिरिक्त प्रमाण (additional evidence)** माग्न सकिन्छ।
- केही व्यक्तिहरूको **लाभ वा स्थिति (benefits or status) समाप्त (terminated) वा फिर्ता (rescinded)** हुन सक्छ, र उनीहरूलाई **आप्रवासन अदालतमा निष्कासन प्रक्रिया (removal proceedings)** का लागि सिफारिस गर्न सकिन्छ।

## कारवाही, सबै राष्ट्रियताका लागि

- **आश्रय (Asylum) आवेदन प्रक्रियामा रोक (अन्तर्वार्ता अझै हुन सक्ने)**
- **शरणार्थी स्थायी बासिन्दा (Green Card) आवेदन प्रक्रियामा रोक (अन्तर्वार्ता अझै हुन सक्ने)**
- **पहिले दिइएका शरणार्थी स्थिति (Refugee Status) को समीक्षा**

## कारवाही, सबै राष्ट्रियताका लागि

- सबै लाभ (Benefits) आवेदन प्रक्रियामा रोक
  (अपवादहरूमा समावेश छन्: I-90 – LPR कार्डको प्रतिस्थापन, N-565 – नागरिकता/नैसर्गिकरण प्रमाणपत्रको प्रतिस्थापन,N-600 – नागरिकता प्रमाणपत्रको आवेदन, I-765 – श्रेणी c(8) को रोजगार अनुमति, पेंडिङ आश्रय आवेदन)
- **पहिले स्वीकृत भएका सबै लाभहरूको समीक्षा**

***प्रभावित राष्ट्रियताहरू**

| | | |
|---|---|---|
| • अफगानिस्तान | • गाबोन | • दक्षिण सुडान |
| • एङ्गोला | • हाइटी | • सुडान |
| • एन्टिगुवा र बार्बुडा | • इरान | • सिरिया |
| • बेनिन | • लाओस | • तान्जानिया |
| • बुर्किना फासो | • लिबिया | • गाम्बिया |
| • बर्मा (म्यानमार) | • मलावी | • टोगो |
| • बुरुन्डी | • माली | • टोंगा |
| • चाड | • मोरिटानिया | • तुर्कमेनिस्तान |
| • कोट दिभ्वार | • नाइजर | • भेनेजुएला |
| • क्युबा | • नाइजेरिया | • यमन |
| • डोमिनिका | • कंगो गणतन्त्र (ब्राजाभिल) | • जाम्बिया |
| • इक्वेटोरियल गिनी | • सेनेगल | • जिम्बाब्वे |
| • एरिट्रिया | • सिएरा लियोन | • **प्यालेस्टिनी प्राधिकरणद्वारा जारी कागजात प्रयोग गरी यात्रा गर्ने व्यक्ति** |
| | • सोमालिया | |

## मसँग केही प्रश्नहरू छन्। म कहाँ सहयोग पाउन सक्छु?

यदि तपाईं विश्वास गर्नुहुन्छ कि यी नीतिहरूले तपाईंलाई प्रभावित गर्छन् र तपाईंले अझै नगरेको भए, तपाईंले **आप्रवासन कानूनी सेवा प्रदायक (Immigration Legal Service Provider)** सँग परामर्श लिनु पर्छ। तपाईं यहाँ सहयोग पाउन सक्नुहुन्छ:
: https://www.immigrationadvocates.org/legaldirectory/ वा यहाँ:  https://ailalawyer.com/.